आज मिति २०७५ साल भाद्र ६ गते बुधबार का दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभाबहरुको उपस्थितिमा नगरपालिकाको तिसौं बैठक बसियो ।

उपस्थिती :-

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुबार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| २२. | सदस्य सचिब/प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण प्रसाद सुबेदी | | |

**निर्णयहरु :-**

निर्णय नं. १. टोखा नगरपालिकाको आर्थिक वर्ष २०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी असूल उपर गर्नुपर्ने बेरुजु असुल उपर गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २. मित्र राष्ट्र चीनको जिनिङ शहरको निमन्त्रणामा उक्त शहरमा मिति २०७५।०६।११ देखि २०७५।०६।१३ सम्म आयोजना हुने Internation Confucius Cultural Festival को सन्दर्भमा उक्त शहर संग भंगिनी सम्बन्ध कायम गर्न छलफलको लागि यस नगरपालिकाबाट नगर प्रमुख श्री प्रकाश अधिकारी, अन्तराष्ट्रिय मामिला समन्वय समितिका सदस्य श्री रामबाबु सुबेदी, विज्ञ सदस्य डा. सागर शर्मा, प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सुबेदी र वडा अध्यक्ष श्री नरोत्तम राना सहभागी हुने साथै उक्त कार्यक्रम अवधिको आते-जाते हवाई टिकट बाहेक सबै खर्च आयोजकले व्यहोर्ने भएकाले आउने जाने हवाई टिकट वापतको रकम नगरपालिकाले व्यहार्ने निर्णय गरियो ।

निर्णय नं. ३. टोखा नगरपालिका वडा नं. १० स्थित रमेश अधिकारीको घर पहिरो जोखिममा परेकोले तत्काल जोखिम न्यूनिकरण गर्न वडा कार्यालयको सिफारिश पत्र तथा प्राविधिक ल.ई. बमोजिम रु. ५८,१९०।-विपद् व्यवस्थापन कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४. डाँफे टोल विकास संस्था, धापासी काठमाण्डौले ४६० मि. सडक ढलान गर्न समपूरक कोषबाट रकम विनियोजन गर्न माग भएकोले रु. २५ लाख विनियोजन गर्ने साथै रु. २५ लाख लाई ६०% मानी बाँकि ४०% रकम उपभोक्ताबाट नगरपालिकाको खातामा जम्मा भए पश्चात् सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।